दफा ४ तथा अनुसूची-१ संग सम्बन्धित

# स्थानीय राजपत्र

**मनहरी गाउँपालिकाबाट प्रकाशित**

**खण्ड: ६ संख्या: ३ मिति: २०७९/०३/०१**

# भाग-२

# मनहरी गाउँपालिका

# हावा हुरी तथा आगलागी पिडितका लागि
# जस्ता पाता / राहत वितरण कार्यविधि, २०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७६/११/२४

प्रमाणित मिति :२०७६/११/२४

पहिलो पटक संशोधित मिति : २०७९/०२/१८

**प्रस्तावना**

मनहरी गाउँपालिका क्षेत्रभरमा मौषमी विपद्को रूपमा हावाहुरी असिना बृष्टी तथा आगलागी जस्ता प्राकृतिक प्रकोपबाट घर, टहरा, गोठ भत्किने, छाना उडाउने,घर डडाउने अथवा आश्रय लिईरहेको बास पूर्ण रूपमा नष्ट भई आबासबाट बिस्थापन हुन पुग्ने बासिन्दाको लागि तत्काल राहत स्वरूप अस्थायी बास स्थान तयार गर्न वा छाना लगाई घर मर्मत गर्न सहयोग पुऱ्याउने उद्धेश्यले एक मापदण्ड तयार गर्न बाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२, मनहरी गाँउपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ तथा मनहरी गाउँपालिकाको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को दफा ५ (च) बमोजिम मनहरी गाउँ कार्यपालिकाले यो कार्यविधि तयार गरी लागू गरिएको छ।

परिच्छेद -१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस मापदण्डको नाम "**हावा हुरी तथा आगलागी पिडितका लागि जस्ता पाता / राहत वितरण कार्यविधि, २०७६**" रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।



२. **परिभाषा :**

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "कार्यविधि" भन्नाले यसै कार्यविधि भन्ने सम्झनु पर्नेछ।

ख) "कोष" भन्नाले मनहरी गाउँपालिकाको विपद् व्यवस्थापन कोष भन्ने सम्झनु पर्नेछ।

ग) "अनुगमन तथा समन्वय समिति" भन्नाले दफा ९ बमोजिम गठित समितिलाई सम्झनु पर्नेछ।

घ) "कार्यपालिका" भन्नाले मनहरी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्नेछ।

ङ) "विपद्" भन्नाले हावा हुरी असिना बृष्टि चट्याङ वा आगलागी सम्बन्धी विपद्लाई सम्झनु पर्नेछ।

च) "आंशिक क्षति" भन्नाले विपद्बाट घर पूर्ण रूपमा नष्ट नभई छानाको एकपाखा वा कुनै एक भागमात्र क्षति भई सामान्य मर्मत वा थोरैमात्र छाना फेर्ने कार्य पश्चात बस्न योग्य क्षति सम्झनु पर्नेछ।

छ) "पूर्ण क्षति" भन्नाले विपद्बाट घर पूर्ण रूपमा नष्ट भई बस्न अयोग्य भएको वा पुरै छाना फेर्नपर्नेगरि हावा हुरीले उडाएको वा आगलागी भएको घर सम्झनु पर्नेछ।

ज) "पिडित" भन्नाले विपद्बाट प्रभाबित मनहरी गाउँपालिका क्षेत्र भित्रका घर परिवार र सरकारी कार्यालय सम्झनुपर्नेछ।

झ) "विपद् व्यवस्थापन समिति" भन्नाले मनहरी गाउँपालिकाको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन बमोजिम गठित पालिका स्तरीय विपद् व्यवस्थापन समितिलाई सम्झनु पर्नेछ। यो शब्दले सोही ऐन बमोजिम गठीत वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई समेत जनाउनेछ।

ञ) "कार्यालय" भन्नाले मनहरी गाउँपालिका कार्यालय सम्झनु पर्नेछ।

३. **कोषको रकम खर्च गर्न सकिने**

साल बसाली रूपमा आवश्यक पर्ने भनि कार्यालयको खरिद योजना बमोजिम खरिद भएको मौज्दातबाट समेत वितरण गर्नुपर्ने जस्तापाता/राहत अपुग हुने देखिएमा मनहरी गाउँपालिकामा स्थापना भएको विपद् व्यवस्थापन कोषबाट त्यस्ता विपद् पिडितका लागि वितरण गर्ने प्रयोजनका लागि कार्यपालिकाको निर्णय बमोजिम अग्रीम रूपमा थप परिमाणमा जस्तापाता/राहत खरिद गरी मौज्दात राख्न सकिने छ। खरिद सम्बन्धी सबै प्रकृया प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद–२

## कार्यविधिको अबधारणा, लक्ष्य र नीति

५. **अवधारणाः**(१) यस गाउँपालिकामा आईपर्ने हावाहुरी असिनापात तथा आगलागी प्रकारका प्राकृतिक प्रकोपबाट प्रभावित परिवार तथा सरकारी संस्था पहिचान गरी राहत स्वरूप जस्तापाता/राहत सहयोग र पुनर्स्थापनामा सहयोग पुऱ्याउनुनै यस कार्यविधिको अवधारणा हुनेछ।

६. **लक्ष्यः**

विपद्को प्रकोपमा परेका परिवार तथा सरकारी संस्थालाई तोकिएको परिमाणमा जस्तापाता/राहत वस्तुगत सहायता स्वरूप उपलब्ध गराउने र विपद् व्यवस्थापनको क्षमता अभिवृद्धि गरी मानवीय तथा भौतिक क्षतिमा कमी ल्याउनु यस कार्यविधिको लक्ष्य रहेको छ।

७. **उद्देश्यः** कार्यविधिको उद्देश्यहरू देहाय बमोजिम हुनेछन् :

(१) विपद् पीडीतको उद्धार तथा पुनःस्थापनाका लागि सहयोग जुटाउन पहल गर्ने।

(२) विपद्बाट प्रभाबित परिवारलाई दिईने राहतका लागि तथ्याङ्क संकलन गर्ने।

(३) विपद्बाटप्रभाबितपरिवारलाईतोकिएकोपरिमाणमाजस्तापाता/राहत उपलब्ध गराउने।



८. **नीतिः**

आगामी दिनहरूमा पनि हुने यस्ता प्रकारका विपद्को सामना गर्न र धन जनको क्षति न्युनिकरण गर्न जनचेतना तथा पूर्ब साबधानिका उपायहरू अबलम्बन गर्दै भएको क्षतिमा मानबिय सहयोग गर्ने यस कार्यविधिको मूल निति हुनेछ।

## परिच्छेद –३

## अनुगमन तथा समन्वय समितिको गठन

९. (१) कार्यविधिका लक्ष्य तथा उद्धेश्य परिपूर्तिका लागि देहाय बमोजिम एक अनुगमन तथा समन्वय समिति गठन हुनेछ।

क) गाउँपालिका उपाध्यक्ष -अध्यक्ष

ख) वडा नं १ का वडा अध्यक्ष -सदस्य

ग) वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक -सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी -सदस्य

ङ) नेपाल प्रहरीको स्थानीय प्रमुख वा प्रतिनिधि -सदस्य

च) स्थानीय उधोग बाणिज्य संघका प्रमुख वा निजले तोकेको प्रतिनिधि -सदस्य

छ) स्थानीय संचारकर्मीहरू दुई जना -सदस्य

ज) गाउँपालिकाका प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(१) समितिको बैठक अध्यक्षबाट बोलाईएको समय र स्थानमा बस्ने छ।

(२) व्यवस्थापन समितिको सम्पुर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ।

(३) बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गर्नुपर्नेछ।

१०. **समितिको काम, कर्तव्य र अधिकार**:

(१) अनुगमन तथा समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) विपद् व्यवस्थापनका लागि आर्थिक श्रोत व्यवस्थापन गरिदिन कार्यालयमा अनुरोध गर्ने,

ख) वडास्तरीय विपद् समितिको सहयोगमा आंशिक तथा पूर्ण क्षति भएका घरको तथ्याङक संकलन गरी कार्यपालिकामा पेश गर्ने,

ग) विपद् सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्ने,

घ) कार्यालयबाट खरिद भइ आएको जस्तापाता/राहत वितरणको लागि आवश्यकता बमोजिम सहयोग गर्ने।

११. **अध्यक्षका काम, कर्तव्य र अधिकार** : (१) अध्यक्षका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

क) बैठकको अध्यक्षता गर्ने,

ख) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने

घ) समितिका सदस्यहरूलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने,

ङ) वितिय श्रोत जुटाउने परिचालन गर्ने गराउने,

च) निर्णयहरू सार्वजनिक गरी पारदर्शिता कायम गराउने

छ) वार्षिक रूपमा खरिद गर्न आवश्यक देखिएको परिमाणको जस्तापाता/राहत खरिद गर्न कार्यलयको खरिद योजनामा समाबेश गर्ने गराउने।

१२. **जस्तापाता/राहत वितरण गर्ने विधि** : (१) वार्षिक रूपले वा आकस्मिक रूपले खरिद भई मौज्दातमा रहेको जस्तापाता/राहत तपशीलको प्रकृया बमोजिम वस्तुगत सहायता स्वरूप वितरण हुनेछ :



क) विपद्को परिणामबाट ठूलो संख्याको घर क्षति भएको भन्ने वडाबाट प्रारम्भिक जानकारी आएमा समितिले अनुसूची–१ बमोजिमको फारम प्रयोग गरी वा गराई स्थलगत अनुगमन गर्नेछ। यसरी गरिएको अनुगमनबाट वडाको जानकारी बमोजिम ठूलो मात्रामा राहत स्वरूप जस्तापाता/राहत उपलब्ध गराउन पर्ने देखिएमा समितिले आफ्नो प्रतिवेदन कार्यालयमा पेश गर्नेछ।

ख) समितिबाट पेश भएको प्रतिवेदन बमोजिमको आंशिक वा पूर्ण क्षति भएका परिवारलाई तत्काल जस्तापाता/राहत उपलब्ध गराउन पर्ने देखिएमा अध्यक्षले कार्यपालिका बैठकमा प्रस्ताब पेश गर्नेछ।

ग) कार्यपालिका बैठकबाट निर्णय भएबमोजिम कार्यालयको जिन्सि शाखाबाट समितिको सहयोग र समन्वयमा दफा १५ बमोजिम तोकिएको परिमाणमा जस्तापाता/राहत हस्तान्तरण फारम मार्फत् वितरण गर्नेछ।

घ) यस कार्यविधिमा अन्यत्र जेसुकै लेखिएको भएतापनि पटके रूपमा विपद्बाट क्षति भएको घरको संख्या ठूलो परिमाणमा नभई व्यक्तिगत समस्याको रूपमा एकाध संख्यामा भएमा वडा कार्यालयको सिफारिस र स्थानीय प्रहरीको घटना मुचुल्का प्रतिवेदन मात्रको आधारमा समेत तोकिएको परिमाणको जस्तापाता/राहत वितरण गर्न अध्यक्षले सिफारिस गर्न सक्नेछ। यसरी सिफारिस भई आएमा प्रचलित कानुनको व्यहोरा पुरा गरी कार्यालय प्रमुखले जस्ता पाता वितरण गर्नेछ।

ङ) मनहरी गाउँपालिका क्षेत्र भित्र कार्यक्षेत्र भएका प्रहरी कार्यालय, स्वास्थ्य संस्था वा वडा कार्यालय रहेका निजी भवनमा समेत त्यस्तो क्षति भएको रहेछ भने यसै कार्यविधिको आधारमा र परिमाणमा जस्तापाता/राहत उपलब्ध गराउन सकिनेछ तर आवासीय घर बाहेकका कुनैपनि किसिमका टहरा, गोठ, फर्म वा औद्योगिक प्रयोजनका संरचनाको लागि यस्तो सहयोग उपलब्ध गराईने छैन।

च) उल्लेखित प्रकृयाबाट जस्ता पाता प्राप्त गर्न योग्य लाभग्राहीलाई

आफैंले घर मर्मत वा छाना फेर्न असमर्थ रहेकोले सहयोग पांउ भन्ने निबेदन, निजको नागरिकताको प्रतिलिपि,जग्गाधनी पूर्जाको प्रतिलिपि(नभएमा स्थायी बासिन्दा भएको प्रमाण),वडा कार्यालयको सिफारिस, प्रहरी मुचुल्का र सकेसम्म घरको क्षति देखिने पूर्ण साईजको फोटो माग गरी अभिलेख सहीत जस्ता पाता वितरण गरिनेछ । विपद्‌कै कारण उल्लेखित मध्य कुनै कागजात उपलब्ध हुन नसकेमा वडाको सिफारिसमा सोही व्यहोरा उल्लेख भएको भए सहयोग वितरणमा बाधा पर्ने छैन ।

१३. **विपद् व्यवस्थापन समिति तथा कोष संचालक समितिले सहयोग गर्नुपर्ने :** (१)यस कार्यविधि कार्यान्वयनका लागि विपद् व्यवस्थापन समिति तथा विपद् व्यवस्थापन कोष संचालक समितिले निम्न प्रकारको सहयोग पुऱ्याउन पर्नेछ ।

क) आवश्यकता बमोजिम बैठक बसी जनशक्ति वा श्रोत परिचालनको निर्णय गर्ने ,

ख) प्रदेश सरकारका सम्बन्धित निकाय, जिल्ला विपद् व्यवस्थापन समिति तथा नेपाल रेडक्रस सोसाईटी जस्ता संघ संस्था वा निकायमा थप राहत तथा सहयोगकालागी अनुरोध गरिदिने,

ग) तत्काल खोज तथा उद्धार कार्य सञ्चालन गर्ने संयत्र तथा भौतिक साधनहरूको व्यवस्थापन गरी राख्ने,

घ) आपतकाल परेमा आ–आफ्नो कार्यक्षत्र भित्रका जिम्मेवारी बमोजिम भुमिका निर्बाह गर्ने ,

१४. **विपद् प्रभावित घरको वर्गीकरण** : गाउँपालिकामा आइपर्ने विपद्‌बाट प्रभावितहरूको वर्गीकरण देहायबमोजिम हुनेछः

क) हावा हुरी चट्याङ प्रभावित : हावा, हुरी, बतास,भुमरी वा चट्याङबाट घरको छाना उडाईएको वा क्षत बिक्षत भई आंशिक वा पूर्ण रूपले क्षति ग्रस्त घर ।

ख) असिना प्रभाबित : हुरी बतास सहीत अति बृष्टि भई असिना बाट घरको छाना तथा अन्य भाग क्षत बिक्षत भई आंशिक वा पूर्ण रूपले क्षति ग्रस्त घर ।



ग) आगलागी प्रभावित : हावा हुरी वा खडेरीको कारण जुनसुकै कारणबाट घरमा आगलागी भई घरको अवस्था छानामात्र वा छाना सहीतको सम्पूर्ण भाग जलेर नष्ट भई आंशिक वा पूर्ण क्षति ग्रस्त घर ।

१५. **उपलब्ध गराईने जस्ता पाताको परिमाण :**

क) दफा १४ को खण्ड क, ख, ग मध्य जुनसुकै विषयको विपद् बमोजिम बर्गिकरण भित्रका आंशिक क्षतिग्रस्त घरलाई राहत स्वरूप १००००(अक्षरूपी दश हजार मात्र) राहत स्वरूप उपलब्ध गराईने छ ।

ख) दफा १४ को खण्ड क, ख, ग मध्य जुनसुकै विषयको विपद् बमोजिम बर्गिकरण भित्रका पूर्ण क्षतिग्रस्त घरलाई राहत स्वरूप २००००(अक्षरूपी बिस हजार मात्र) राहत स्वरूप उपलब्ध गराईने छ ।

## परिच्छेद –४
## विविध

१६. **खारेजी र बचाउ :**

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरूको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

ख) यस कार्यविधिका कुनै प्राबधानलाई थप घट वा संसोधन गर्न आवश्यक परेमा मनहरी कार्यपालिकाले गर्न सक्नेछ ।

ग) कार्यविधिको कुनै प्राबधानको व्याख्यामा द्बिबिधा भएमा कार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूची–१

### मनहरी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### रजैया, मकवानपुर

### आगलागी/हावाहुरी चट्याङ/असिना बृष्टिबाट भएको क्षति अनुगमन फाराम

### घरधुरी अनुगमन प्रश्नावली

१. अनुगमन गरिएको घरमुलीको नामः ..............................................

क) ठेगाना : मनहरी गाउँपालिका वडा नम्बर ...............

ख) बिबरण उपलब्ध गराउनेको नामः: .......................

२. आगलागी/असिना/हुरीबतास वा केले घर क्षति पुगेको हो ...............

३. कतिवटा घरमा क्षति पुगेको.........

४. क्षतिको अवस्था पूर्ण/आंशिक..........

५. अहिले त्यहि घरमा निर्वाह गरी बसेको वा वैकल्पिक व्यवस्था गरेको वा आफैं मर्मत गरी सकेको......................

आफैंले मर्मत गरेको भए कति खर्चमा के के गरेको............................

६. आफ्नो स्वामित्वमा कति जग्गा छ ?..................बिघा ............ कठ्ठा .................धुर (नम्बरी/ऐलानी)

परिवार संख्या

क) १८ वर्ष मुनिका बाल बालिका संख्या......

ख) ७० वर्ष माथिका जेष्ठ नागरिक संख्या......

ग) अपाङगता भएको संख्या.......(प्रकार:पूर्ण/आंशिक/सामान्य)

७. नियमित आम्दानी गर्ने श्रोत भएको/नभएको..........(भएको भए वार्षिक आम्दानी रु...............)

सरकारी काममा प्रयोग भएको भवन भएमा



१. प्रयोग गर्ने कार्यालय/संस्थाको नाम.......................................

२. भवनको स्वामित्व:निजी/सार्वजनिक/सरकारी.........................

३. विपद्को कारण भवनमा कस्तो प्रकारको क्षति पुगेको छ ? ..................

४. मर्मत/छाना फेर्ने आफ्नै श्रोत भएको/नभएको.........................

विपद्बाट भएको क्षतिको तथ्याङ्क सङ्कलनमा सहयोग गर्नु भएकोमा धन्यवाद ।

मिति :

अनुगमन कर्ता

| क्र.स. | नाम | संस्था | समितिको पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

आज्ञाले
मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत